# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, फागुन १२ गते २०६४ साल (अतिरिक्ताङ्क ५६


## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

नेपाल सरकारबाट जारी भएको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०६४ सालको अध्यादेश नं. ३

## केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन वा बैठक नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम नेपाल सरकारले यो अध्यादेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६४" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुने छ ।

२. आवश्यक सेवा सञ्चालन ऐन, २०१४ मा संशोधन : आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ पछि देहायको दफा ३क थपिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३क. **आवश्यक सेवा सञ्चालन गर्ने साधन वा वस्तु नियन्त्रणमा लिन सक्ने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ बमोज़िम सूचना प्रकाशित भएपछि आबश्यक सेवा सञ्चालन गर्न प्रयोग हुने साधन र सोसंग सम्बन्धित सवारी साधन, मेशिनरी, औजार, उपकरण, पाटपुर्जा वा त्यस्तै अन्य वस्तु नेपाल सरकारले आफ्नो नियन्त्रणमा लिई नेपाल सरकारले निर्धारण गरेको उपायद्वारा सञ्चालन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएका साधन र सोसंग सम्बन्धित सवारी साधन, मेशिनरी, औजार, उपकरण, पाटपुर्जा वा त्यस्तै अन्य वस्तु प्रयोग गरी आवश्यक सेवा सञ्चालन भएकोमा सो वापत नेपाल सरकारले मनासिब भाडा सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै साधन र सोसंग सम्बन्धित सवारी साधन, मेशिनरी, औजार, उपकरण, पाटपुर्जा वा त्यस्तै अन्य वस्तु नियन्त्रणमा लिन नदिने वा त्यस्तो काम गर्न बाधा पुऱ्याउनेलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले एक हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(४) यस दफा अन्तर्गतको कसुरको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिम गर्नु पर्नेछ ।"

३. **संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ मा संशोधन:** संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा १९ को खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:-

"तर निर्वाचनको प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनैतिक दलको तर्फबाट उम्मेदवार दिने व्यक्तिले त्यस्तो राजनैतिक दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र र निजको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित मनोनयनपत्र दाखिला गरेमा मतदाता नामावलीमा नाम समावेश नभएको व्यक्ति पनि उम्मेदवार हुन यस खण्डले बाधा पुऱ्याएको मानिने छैन ।"

प्रमाणीकरण मिति : २०६४। ११। १२ । १

आज्ञाले,
डा.कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।